**सूचना**

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

**नेपाल सरकार**
**सञ्चार सूचना तथा प्रविधि मन्त्रालय**
*सूचना विभाग*



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



**अज्ञात रोगले गोलभेडा नष्ट**



पृष्ठ ३ मा



वर्ष-१२ ।। अङ्क : २१४ ॥ २०७७ मंसिर २० गते शनिबार (5th Dec. 2020, Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


# राजनीतिक कलहको दुषित प्रभाव जातीय संस्थामा

*बिर्तामोड (प्रस)* । नेपालका दलहरुमा देखिएको राजनीतिक कलहको दुषित प्रभाव आदिबासी जनजातिका जातीय संस्थाहरुमा परेको छ ।

सामूहिकभन्दा पनि ब्यक्तिगत र राजनीतिक स्वार्थ हावी हुँदै गएपछि आदिबासी जनजातिका जातीय संस्थाहरुमा एकपछि अर्को गर्दै विवाद खडा हुन थालेको हो । सत्तारुढ नेकपामा जसरी पद र लोभलालचको निजी द्वन्द्व जारी छ , त्यसकै छायाँ जातीय संस्थाहरुमा पर्न गएको हो । जाति समुदायको हकहित र उत्थानको लागि खोलिएका जातीय सँस्थाहरुलाई पदाधिकारीहरुले निजी स्वार्थ परिपूर्ति गर्ने माध्यम बनाउन थालेपछि धेरै सँस्थाहरुमा टकरावको अबस्था छ । धिमालहरुको जातीय संस्था धिमाल जातीय विकास केन्द्रको विवाद नसल्टिदै लिम्बुहरुको संस्था किरात याक्थुङ चुम्लुङ्गमा विवाद देखियो । पछिल्लो समय राजवंशीहरुको जातीय संस्था राजवंशी समाज विकास समितिमा चर्को विवाद देखिएको छ । इतिहासमै पहिलोपटक केन्द्रीय अध्यक्षले झापा र मोरङका दुवै जिल्ला अध्यक्षहरुलाई एकैपटक पदबाट बर्खास्त गरिदिए ।



सामाजिक संजालमार्फत टिकाटिप्पणी गरेको निहुँमा राजवंशी समाज विकास समिति झापाका अध्यक्ष पुकारचन्द्र सिंह राजवंशी र मोरङ अध्यक्ष मनोज राजवंशीलाई पदमुक्त गरिएको हो ।

संस्थाको हितविपरित अहित हुने कार्य गरेको भन्दै राजवंशी समाज विकास समिति केन्द्रिय कार्यालयले दुवैलाई पदमुक्त गरेको जनाएको छ । २०७६ पौष महिनाको ४ , ५ र ६ गते राजवंशी समाज विकास समितिको स्थापना दिवस मनाउने क्रममा ती दुवैले केन्द्रीय कार्य समिति र केन्द्रीय अध्यक्ष भीमराज चौधरी राजवंशीविरुद्ध सामाजिक संजालमार्फत टिकाटिप्पणी

❖बाँकी अन्तिम पृष्ठमा

## मेचीनगरमा थप एकजना कोरोना संक्रमितको मृत्यु

*झापा (प्रस)* । झापाको मेचीनगरमा थप एकजना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा मेचीनगर ८ का राजवंशी थरका ५५ वर्षिय पुरुष रहेका छन् । उनको शुक्रबार बिहान नोवेल हस्पिटल विराटनगरमा मृत्यु भएको हो । अन्य समस्या भएर विराटनगर लगिएका राजवंशीको पिसिआर रिपोर्ट पोजिटिभ आएको थियो । मृतकको लाशलाई नेपाली सेनाद्वारा कनकाई माईमा अन्त्येष्टि गरिएको नगरपालिकाका सामाजिक विकास समितिका संयोजक नविन बरालले बताए । योसँगै मेचीनगरमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ११ पुगेको छ । त्यस्तै झापामा कोरोना संक्रमणबाट सक्रिय संक्रमितको संख्या २ हजार ३४५ पुगेको छ । उनीहरु सक्रिय संक्रमित भई विभिन्न आइसोलेसन र

❖बाँकी तेस्रो पृष्ठमा

## नमस्ते प्लाई फ्याक्ट्रीमा आगलागी हुँदा ३० लाखको क्षति

*बिर्तामोड (प्रस)* । मयुर प्लाई उत्पादन गर्दै आएको बिर्तामोड नगरपालिका २ स्थित नमस्ते प्लाई फ्याक्ट्रीमा आगलागी भएको छ । शुक्रबार बिहान ७.१५ बजेतिर फन्टि फेन नामक काठको मेटरियल र सिलिङ चेम्बरमा आगलागी भएको हो । ईलाका प्रहरी कार्यालय



अनारमनी, १ नं. प्रदेश बिपद ब्यवस्थापन गुल्म चन्द्रगढी र सशस्त्र बेस क्याम्प शनिश्चरेबाट संयुक्त प्रहरी टोली खटि गई दमक, भद्रपुर र बिर्तामोडको दमकल ,सुरक्षाकर्मी र स्थानीयबासीहरुको सहयोगमा १०.३५ बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो । आगलागीवाट फन्टि फेन नामक विद्युत सर्ट भई प्लाई फ्याक्ट्रीमा आगलागी भएको उद्योगका संचालक राजकुमार अग्रवालले बताए ।


# आवश्यकता

**सर्जिकल तथा केमिकलका सामग्रीहरूका लागि**
**डिलरमा सेल्समेन आवश्यकता**

**कार्यक्षेत्रहरू**

- ❖ गौरीगंज+झापा दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ शिवसतासी + कमल दुवै पालिका हेर्नेगरी १ जना (महिला/ पुरुष)
- ❖ गौरादह+दमक दुवै पालिका हेर्ने गरी १ जना ( महिला / पुरुष)
- ❖ कनकाई+ अर्जुनधारा दुवै पालिका हेर्ने गरी १ जना ( महिला/पुरुष)
- ❖ मे.न.पा+ बुद्धशान्ति दुवै पालिका हेर्ने गरी १ जना (महिला /पुरुष)
- ❖ कचनकवल + बाह्रदशी दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ भ.न.पा. +हल्दिबारी दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ बिर्तामोड न.पा. हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ Light Driver -१ जना (Licence भएको बिर्तामोड निवासी)

**स्थानिय व्यक्तिले मात्र सम्पर्क गर्नुहोला ।**
**तलब कमिशन सहित १५ देखि २० हजार सम्म हुनेछ।**

- ❖ सुपर मार्केटका लागि
  ३ जना क्लिनर (महिला)
- ❖ सहकारीको लागि बजार प्रतिनिधि-३ जना

**सिमित कोटा मात्र बाँकी रहेकाले इच्छुकले चाँडै सम्पर्क गर्नुहोला ।**

**बिर्तामोड-५, कृषिथोक रोड**
**सम्पर्क नं. ९८५२६४०१२३,९८०७९१४१२३, ०२३-५४४८३४**


## हुलाकी राजमार्गबाट पीडित परिवारलाई आवासको व्यवस्था




*कुमरखोद (प्रस)* । झापा गाउँपालिकाले हुलाकी राजमार्गबाट पीडित अतिविपन्न घरपरिवारलाई आवासको व्यवस्था गरिदिने भएको छ । अहिले हुलाकी राजमार्गले झापा गाउँपालिकाको वडा नं. २,४ र ५ मा कल्भर्ट र पैनीको कामलाई तिव्रता दिएको छ । हुलाकी राजमार्गमा केही अतिविपन्न परिवारका घरहरु बाटोमा परेपछि ती परिवारहरु विचल्लीमा परेका छन् । न तिनीहरुसँग पैसा छ, न अन्त सरेर घर बनाउने जग्गा नै ।
गाउँपालिका अध्यक्ष जयनारायण शाहले हुलाकी बाटोमा घर पर्ने अतिविपन्न परिवारलाई नआतिन र दुःखी नहुन आग्रह गरेका छन् । अध्यक्ष शाहले हुलाकी राजमार्ग छेउछाउ पर्ने घरहरु हटाउन अनुरोध समेत गरेका छन् । घर हटाउनलाई पाँच हजार रुपैयाँ समेत दिने भएका छन् । विपन्न परिवारमा यदि कसैको जग्गा भएर त्यस ठाउँमा घर बनाउन चाहन्छ भने गाउँपालिकाले एकलाख पचास हजार बराबरको टिनको छाना भएको घर बनाईदिने भएको हो । यदि विपन्न परिवारले आफै घर बनाउन चाहेमा पचास हजार रकम दिने अध्यक्ष शाहले बताए । हुलाकी राजमार्गले गर्दा यदि कसैको एकधुर जग्गा पनि वच्दैन भने त्यस घरपरिवारलाई बस्नको लागि जग्गासहित आवास बनाईदिने वडा नं २ को कार्यालयमा आयोजित एक कार्यक्रममा अध्यक्ष शाहले जानकारी गराए ।


**यस श्री वीर अमरसिंह मा.वी. मा रहेको जेनेरेटर बिक्रि गर्ने बारेको**

**कोटेसन आह्वानको सूचना**

**प्रकाशित मितिः २०७७/०८/२०**

**यस विद्यालयमा मौजुदा रहेको किर्लोस्कर कम्पनीको डिजेलबाट चल्ने १ थान जेनेरेटर डाक बढाबढमा किनेको मुल्यमा दश प्रतिशत छुट गरी बिक्रि वितरण गर्नुपर्ने भएको हुँदा इच्छुकले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा विद्यालयमा कोटेसन पेश गर्नु पर्नेछ ।**

**किनेको मुल्यः १,४०,०००/-**

**उक्त मूल्यको २० प्रतिशत रकम छुट गरी बितरण गर्ने**

**सम्पर्क नं. : ९८४२६२३२८४, ०२३-५४३६३४**



**नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**
बिर्तामोड, झापा
फोन:०२३-५४१५९४

**विद्युत महशुल बुझाउने बारेको अत्यन्त जरूरी सूचना**

नयाँ विद्युत महशुल संकलन विनियमावली २०७७ अनुसारको छुट तथा जरिवाना र लाईन काटिने सम्बन्धि व्यवस्था अनुसार मिटर रिडिङ्ग हुने मितिले ६० औं दिन सम्म महशुल नबुझाएमा बिना सूचना जुनसुकै समयमा पनि विद्युत कनेक्सन काटिने भएको हुँदा सम्पूर्ण ग्राहकवर्गमा समयमै विद्युत महशुल बुझाउन यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गरिन्छ।

१. मिटर रिडिङ्ग हुने दिन देखि ७ दिन भित्र महशुल बुझाएमा बिल रकमको २ प्रतिशत छुट दिइनेछ।
२. मिटर रिडिङ्ग हुने मितिले ८ औं दिन देखि १५ औं दिन भित्र महशुल बुझाएमा बिल अनुसारको महशुल लाग्नेछ।
३. मिटर रिडिङ्ग हुने मितिले १६ औं दिन देखी ३० औं दिन भित्र महशुल बुझाएमा ५ प्रतिशत थप दस्तुल लाग्नेछ।
४. मिटर रिडिङ्गहुने मितिले ३१ दिन देखि ४० औं दिन भित्र महशुल बुझाएमा १० प्रतिशत थप दस्तुर लाग्नेछ।
५. मिटर रिडिङ्ग हुने मितिले ४१ औं दिन भन्दा पछाडी महशुल बुझाएमा २५ प्रतिशत थप दस्तुर लाग्नेछ।
६. मिटर रिडिङ्ग हुने मितिले ६० औ दिन सम्म महशुल नबुझाएमा बिन सूचना जुनसुकै समयमा पनि विद्युत कनेक्सन काटिने छ।
७. पुनः कनेक्सन गर्न नियम अनुसार कनेक्सन दस्तुर लाग्नेछ।

**( मिटर रिडिङ्ग गरेको दिन भन्नाले तपाईंको ग्राहक नम्बर ०११-१२-१११ हो भने बिचको १२ ले मिटर रिडिङ्ग हुने दिन (गते) बुझ्नु पर्दछ ।)**





**WE ARE HIRING**
join our team



**GRAPHIC DESIGNER - 1**
**MARKETING REPRESENTATIVE -1**

Interested candidate can contact

**PAL CREATION**
Bhadrapur Road,Birtamode
**M:9852671580, 9807970444**



# माता पाथिभरा फर्निचर

**बिर्तामोड-७, चारपाने**
**सो-रुमः कनकाई-१, दुर्गापुर**

**प्रो. देवी दंगाल** ☎ **9841351368, 9806035571**








**श्री पिस दराज**
**बक्स पलङ**
**टु पिस दराज**
**सोफा सेटहरु**

**लगायत घरायसी सजावटका सम्पुर्ण फर्निचरका सामानहरु ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।**

# कांग्रेस झापाको ध्यानाकर्षण

*बिर्तामोड (प्रस)* । नेपाली कांग्रेस झापाले मेचीनगर नगरपालिकाकी उपमेयरका विषयमा आएको समाचारप्रति ध्यानाकर्षण भएको जनाएको छ। नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको सभापतित्वमा आज सम्पन्न पदाधिकारीको बैठकले हिजो मेचीनगर नगरपालिकाकी उपमेयरका विषयमा आएको समाचारप्रति ध्यानाकर्षण भएको जनाएको हो ।

बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ-'नेपाली कांग्रेस हत्या, हिंसा, तोडफोड, आगजनीजस्ता अराजक र आतंकित गतिविधिहरुको विपक्षमा रहेको र यस्ता उच्छृङ्खल गतिविधिहरुलाई निरुत्साहित मात्र होइन सदाका लागि निर्मूल गर्नुपर्छ भन्ने मान्यता राख्दछ । अतः नेपाली कांग्रेस र कांग्रेससँग सम्बद्ध भातृ तथा शुभेच्छुक संस्थाहरु समाचारमा आएजस्तो घटनामा संलग्न नरहेको र कहिले पनि नरहने कुरा जानकारी गराउँदछौं । '

लोकतान्त्रिक पद्दतिको उपहास गर्दै सरकारको निर्देशनमा प्रशासनबाट नेपाली कांग्रेसका बरिष्ठ नेता भद्र एवं शालीन ब्यक्तित्व रामचन्द्र पौडेलमाथि भएको दुर्ब्यवहार सर्वथा निन्दनीय रहेको उल्लेख गर्दै विज्ञप्तिमा अगाडि भनिएको छ-'अव उप्रान्त यस प्रकारका कार्य नदोहोर्‍याउन सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछौं, साथै उक्त घटनाका दोषीउपर तत्काल कारबाही गर्न सरकारसँग जोडदार माग गर्दछौं ।'

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## १ नं. प्रदेशको
## १५ दिने सूचना

सधियार दक्षिणः राम वलक शाह
को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री भूपाल कडरिया ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुभ बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | १९३८६ | २३७.०२ | २०७७/०७/२८ | २०७७/०८/१९ | २०७७/०८/१७ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## १ नं. प्रदेशको सधियार
**जानु बस्नेत, बन्दना खड्का, गोपाल निरौलाको नाममा जारी गरिएको**

## १५ दिने सूचना

सधियार पूर्व श्री जानु बस्नेत गिरी | पश्चिम श्री बन्दना खड्का
उत्तर श्री | दक्षिण श्री गोपाल निरौला

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री सञ्जय प्रसाई ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुभ बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | चारपाने १ | १०४७८ | १३५.४६ | २०७७/०७/२८ | २०७७/०८/१६ | २०७७/०८/१७ |

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सूचना

प्रदेश नं. १ झापा जिल्ला, शनिअर्जुन नगरपालिका वार्ड नं.-०४ स्थायी ठेगाना भई हाल अर्जुनधारा नगरपालिका वार्ड नं.-०५ बस्ने श्री छत्रपती भट्टराईको छोरा, श्रीमती बिष्णु माया भट्टराईको पति श्री कुन्दन भट्टराईको, मिति २०७७/०७/२८ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय शनिश्चरेमा रहेको वचत खाता नं. ००७०१००००८०२३६००००१ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँभनी मृतकको श्रीमती बिष्णु माया भट्टराईले मिति २०७७/०८/१८ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सुचनाद्धारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
शाखा कार्यालय, शनिश्चरे
फोन नं. ०२३-४६५००२

# राजनीतिक...

गरेका थिए । त्यससम्बन्धमा बुझ्न केन्द्रीय समितिले उनीहरुलाई स्पष्टीकरण पत्र पठाएको थियो । स्पष्टीकरणका लागि केन्द्रीय समितिले पत्र पठाएको थियो । पत्र उनीहरुले बुझिसकेर स्पष्टीकरणका लागि जाने बताइसक्दा ११ महिनासम्म अटेर गरी नगएपछि पदबाट मुक्त गरिएको केन्द्रीय सचिव चन्द्रप्रसाद राजवंशीले बताए । राजवंशी समाज विकास समिति २०५० सालमा स्थापना भएको हो । झापा , मोरङ र सुनसरीमा रहेका करिव डेढ लाख राजवंशीहरुको साझा सँस्थाको रुपमा त्यसलाई लिइन्छ । त्यस्तै महाधिबेशनको विषयलाई लिएर धिमाल जातीय संस्थामा लफडा भएको हो । गत कात्तिक १३ देखि १५ गतेसम्म दमकमा हुने भनिएको छैठौं राष्ट्रिय महाधिबेशनलाई लिएर धिमाल जातीय विकास केन्द्रमा लफडा शुरु भएको हो । २०५० सालमा स्थापित सो केन्द्र धिमालको एक मात्र जातीय संस्था हो । मुख्यतया संस्थाभित्र सत्तारुढ नेकपा र नेकपा बाहेकका पार्टीहरुको समूहबीच महाधिवेशनको विषयलाई लिएर आन्तरिक द्वन्द्व भएको हो । जातीय संस्थामा राजनीतिक पार्टीले आफ्नो पकड बनाउन चाहेका कारण पार्टीभित्रका धिमाल अगुवाहरु नेतृत्वका लागि खुलेर लाग्दै आएका छन् । वर्तमान केन्द्रीय समितिमा कांग्रेस, जनता समाजवादी पार्टीको बाहुल्यता छ । अब भने सत्तारुढ नेकपा नेतृत्व आफ्नो बनाउन कसरतमा जुटेको छ । झापा र मोरङमा रहेका आदिवासी धिमालहरु करिव ५० हजारको हाराहारीमा रहेको अनुमान गरिएको छ । तर २०६८ को जनगणनामा भने धिमालहरुको जनसंख्या २६ हजार २ सय ९८ मात्र रहेको उल्लेख छ ।

त्यस्तै लिम्बु जातिको किरात याक्थुङ चुम्लुङ झापामा चर्किएको विवाद साम्य भएको छैन । चुम्लुङ्गका जिल्ला अध्यक्ष भक्त खेवाङले आफू निकटका जिल्ला सदस्य शेसेहाङ फियाकलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएपछि जिल्ला समिति विवादित बनेको हो ।

राष्ट्रिय परिषद सदस्य समेत रहेका फियाकलाई गत कार्तिक ५ गते पदाधिकारीहरुको उपस्थिति विनाको नियमित बैठकले जिल्ला सदस्यमा मनोनित गरेका थिए । मनोनित गरिएको केही दिनपछि नै उनले आफू अस्वस्थ्य भएको कारण देखाउँदै फियाकलाई कार्यवाहक अध्यक्ष बनाएका थिए । यतिबेला राजवंशी , धिमाल र लिम्बु जातिमा मात्र नभएर अरु जातिमा पनि विवाद छ । नेवार जाति पनि जातीय हकहितको लागि एकजुट हुन सकेको छैन । राजनीतिक दलजस्तै पदको लागि हानाथाप गर्ने अनि पद पाएपछि केही नगर्ने , स्वेच्छाचारी ढंगले निहीत स्वार्थ पुरा गर्न खोज्ने प्रवृतिले जातीय संस्थाले आफ्ना उत्पीडित जाति समुदायको लागि काम गर्न नसकेका हुन् । त्यहीकारण जातीय संस्थाप्रति जाति समुदायको चासो पनि घट्दै गएको छ । आदिबासी जनजाति महासंघमा आबद्ध कुनै पनि जातीय संस्थाले राम्ररी काम गर्न नसकेको विश्लेषण गरिएको छ । आदिबासी जनजाति महासंघ नै अमुक राजनीतिक दलको भातृ संगठन बनेपछि जातीय हकहितका मुद्धा ओझेलमा परेका छन् । त्यही भएर आदिबासी जनजाति महासंघको विगतको साख खस्किएको हो । आदिबासी जनजाति महासंघ झापाका अध्यक्ष भरतकुमार श्रेष्ठ राजनीतिक कलहको प्रभाव जातीय संस्थाहरुमा परेको कुरा स्वीकार गर्छन् । उनले नेपालको धुमिल राजनीतिले हरेक संघसंस्थालाई नराम्ररी प्रभावित पारेको बताए । 'आदिबासी जनजाति महासंघमा आफू कुन जातिको भन्दा पनि कुन पार्टीको प्रस्तुति हुन्छ ' उनले भने ,' विवादको कारण नै त्यही हो ।'

**पदबाट हटाइएका पुकारको खण्डन**

राजवंशी समाज समितिको केन्द्रीय समितिले सामाजिक संजालमा सार्वजनिक रुपमा आक्रोश पोखेकै आधारमा आफूलाई जिल्ला अध्यक्षबाट पदमुक्त गरिएको पुकारचन्द्र सिंह राजवंशीले बताएका छन् । शुक्रबार एक प्रेस विज्ञप्तिमार्फत खण्डन गर्दै पुकारले २६ औं स्थापना दिवसको पुस ४,५ र ६ गते कार्यक्रममा पदीय मर्यादा अनुसार सम्मानजनक उपस्थिति तथा अधिकार नपाउँदा सामाजिक संजालमा व्यक्तिगतरुपमा व्यक्त गरिएको अभिव्यक्तिका आधारमा केन्द्रीय समितिले पूर्वाग्रही तथा सुनियोजित ढङ्गले पदमुक्त गरेको भन्दै निर्णयप्रति घोर आपति जनाएका हुन् ।

केन्द्रीय समितिद्वारा विभिन्न समयमा लेखिएको पत्र जिल्ला सचिव मुनिलाल राजवंशीले आफूलाई बुझाएको भनिएता पनि आधिकारिकरुपमा हात नलागेको र जिल्ला समितिको बैठकमा समेत प्रस्तुत नभएको उनले विज्ञप्तिमार्फत स्पष्ट पारेका छन् ।

## भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भद्रपुर झापा
**प्रकाशित मिति: २०७७/०८/२०**

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यलयलाई आर्थिक वर्ष २०७७/०७८ मा आवश्यक पर्ने विभिन्न मालसामानहरु आपुर्ति सम्बन्धी पर्न आएको दरभाउपत्रहरु मध्ये तल उल्लेखित दरभाउपत्रहरु सारभूत रुपमा प्रवाहग्राही भई स्वीकृतिका लागि आशय प्रकट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त कामका लागि सरोकारवाला व्यक्ति तथा फर्म वा दरभाउपत्र पेश गरेका अन्य सबै दरभाउपत्रदाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराईएको छ ।

तपशिल:

| क्र.सं. | दरभाउपत्र/ ठेक्का कामको विवरण | स्वीकृतका लागि छनौट भएका दरभाउपत्र दाताको नाम, ठेगाना | दरभाउपत्र स्वीकृत रकम |
|---|---|---|---|
| १ | औषधी सम्बन्धी | श्री चिराग फार्मेसी, पोखरा उप-१३ | ५,४५,२५०(अक्षरेपी पाँच लाख पैतालिसहजार दुई सय पचास मात्र ।) |
| २ | सर्जिकल सम्बन्धी | श्री अमन फार्मेसी, बिर्तामोड न.पा.(झापा) | १६,९५,३६० (अक्षरेपी सोह्र लाख पन्चानब्बे हजार ती सय साठी मात्र ।) |

होमनाथ भट्टराई
(प्रमुख प्रशासकीय अधिकृत)

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

## २८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

*मिति : २०७७/८/१०*

संस्थाको २८औं वार्षिक साधारण सभा कोभिड-१९ को वर्तमान विषम् परिस्थितिमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय साथै सहकारी विभागद्वारा जारी परिपत्र समेतका आधारमा तपसिल अनुसार गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. साधारण सभाका लागि तयार गरिएको प्रतिवेदन वि.सं. २०७७ मंसीर १० गते सार्वजनिक भई सोही मितिबाट सदस्यहरूलाई वितरण प्रारम्भ गरिएको छ । साथै सोही मितिमा संस्थाको वेबसाइट र फेसबुक पेजमा अपलोड गरिएको छ ।
२. प्रतिवेदन संस्था अन्तर्गतका ४० वटै बैंकिङ कार्यालयहरूबाट कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।
३. संस्थाको तर्फबाट सार्वजनिक वा वितरीत प्रतिवेदनमा उल्लिखित कुनै विषयमा आफ्ना सुझावहरू पेस गर्नुपर्ने भए सदस्यहरूले मिति २०७७ मंसीर २४ गते कार्यालय समयसम्ममा आफ्ना सुझाव, जिज्ञासा तथा टिप्पणीहरू लिखित रूपमा नजिकैको एनएमसी कार्यालयमा बुझाउन सकिनेछ ।
४. सुझाव पेस गर्दा सम्बन्धित कार्यालय वा संस्थाको आधिकारिक इमेल ठेगाना nmcpublication@gmail.com मा इमेल गर्न सकिनेछ ।
५. वि.सं. २०७७ मंसीर २७ गते शनिबार साधारण सभाको आयोजना गरिनेछ ।
६. साधारण सभाको माइन्युट प्रमाणित प्रयोजनका लागि संस्था अन्तर्गतका सबै कार्यालयहरूबाट एक/एक जना प्रतिनिधि छनोट गरिनेछ ।
७. छनोट भएका प्रतिनिधिहरूले मंसीर २४ गतेभित्र आ-आफ्नो कार्यालयसँग सम्बन्धित टिपोट तथा सुझाव लिखित रुपमा सम्बन्धित कार्यालय मार्फत कर्पोरेट कार्यालयको इमेल ठेगाना nmcpublication@gmail.com मा इमेल गर्नुपर्नेछ ।
८. प्रत्येक कार्यालयबाट माइन्युट प्रमाणितका लागि छनोट भएका प्रतिनिधिहरुले साधारण सभामा उपस्थित हुँदा आ-आफ्नो कार्यालयमा भएका छलफलको टिपोट एवम् उठाइएका जिज्ञासा तथा टिप्पणीसहित उपस्थित भई उक्त विषयहरूलाई प्रस्तुत गर्नुपर्नेछ ।
९. साधारण सभाको विद्युतीय माध्यम (टेलिभिजन/एफएम/सामाजिक सञ्जाल) मार्फत प्रत्यक्ष प्रशारण गरिनेछ ।

- प्रमुख कार्यकारी अधिकृत

# रिलायन्स फाईनान्सको १२ औं वार्षिकोत्सव




*झापा (प्रस)* । रिलायन्स फाईनान्स लिमिटेडको १२ औं वार्षिकोत्सव सम्पन्न भएको छ । वार्षिकात्सवको अवसरमा दशवटा शाखा कार्यालयहरु बिर्तामोड , धुलाबारी , दमक , सितापाईला , धनगढी , महेन्द्रनगर , कोहलपुर , अत्तरीया , टाँडी र भैरहवा शाखाको उद्घाटन भएको छ । संस्थाका अध्यक्ष कुशप्रसाद मल्लीले डिजिटल माध्यमबाट सबै शाखाहरुको उद्घाटन गरेका हुन् । नेपाल राष्ट्र बैंक बाट 'ग' वर्गको वित्तीय कारोबार गर्ने ईजाजत प्राप्त गरेको फाइनान्सले स्थापना भएको १२ वर्षमै काठमाडौंको प्रदर्शनीमार्गमा मुख्य कार्यालय र २० वटा शाखा सञ्चालनमा ल्याइसकेको क्षेत्रीय प्रबन्धक जीवन श्रेष्ठले जानकारी दिए । संस्थाको हालको अधिकृत पूँजी १ अर्ब रहेको छ भने जारी पूँजी ८३ करोड २४ लाख १६ हजार ६३ रुपैयाँ रहेको छ। त्यस्तै कर्जा ४ अर्ब १८ करोड र निक्षेप ५ अर्ब ६० करोड रुपैयाँ रहेको छ । संस्थाले १२ औं वर्षमा प्रवेश गरेको अवसरमा 'संस्थागत सामाजिक उत्तरदायित्व' अन्तर्गत विपन्न वर्गका लागि शिक्षा र स्वास्थ्य क्षेत्रमा संलग्न क्रियाशील संस्थाहरुलाई सहयोग गरेको छ ।

यसै अवसरमा संस्थाले विभिन्न सरकारी, गैरसरकारी तथा निजी कम्पनीहरुमा काम गर्ने कर्मचारीहरुको सुविधाको लागि उच्चतम प्रतिफलयुक्त 'रिलायन्स स्वावलम्वी पेरोल बचत खाता' सञ्चालनमा ल्याएको छ । यस खाताबाट देशका विभिन्न क्षेत्रमा आबद्ध रही कार्य गर्ने विभिन्न तहका कर्मचारीहरुले यस संस्थामा संस्थागत रुपमा तलबी खाता वा स्वयम्ले व्यक्तिगत रुपमा खाता खोली कारोबार गर्न सक्नेछन् ।


पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८०००० 

हाडजोर्नी तथा नशाका समस्याहरूको
बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# लैङ्गिक विभेदको चक्र

**अहिले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ । लैङ्गिक हिंसाविरुद्ध काम गरिरहेका, लैङ्गिक समानता र न्यायका पक्षमा काम गरिरहेका, महिला अधिकारका क्षेत्रमा काम गरिरहेका सबै सरकारी तथा गैरसरकारी निकायहरू यस अभियानमा सरिक भइरहेका छन् । आवाज जति उठाइँदै गइएको छ, त्यति नै समाजमा लैङ्गिक हिंसाका घटनाहरू बढिरहेको छ ।**

**हाम्रो शिक्षा प्रणालीअन्तर्गतको सिकाइमा लिङ्ग, यौन, लैङ्गिकता र यौनिकताको बारेमा आधारभूत जानकारी दिन सकिएको छैन । यसबाट व्यक्तिको पारिवारिक र वैवाहिक जीवनमा कस्तो असर पर्न सक्छ भन्नेमा न त प्रशस्त खोज अनुसन्धान भएका छन्, न त नीतिनिर्माणको तहमा बस्नेहरू नै संवेदनशील बन्न सकेको अवस्था छ । यस्ता विषयका स्वस्थ छलफल र जानकारीलाई जानी नजानी सीमित गरिएको छ । किशोर किशोरीहरूको बाहुल्यता रहने विद्यालय शिक्षामा यसबारेमा स्वस्थ र तथ्यपरक जानकारी हुन आवश्यक देखिएको छ ।**

**नेपाली समाज बिस्तारै परम्परागत सोच र अभ्यासबाट आधुनिक सोच र प्रविधिमैत्री अभ्यासमा रूपान्तरण हुँदै गएको छ । प्रविधिको पहुँचले गर्दा नयाँ विचारहरू, अभ्यासका उदाहरणहरू छिटोछिटो र व्यापक रूपमा विस्तारित हुन पाएका छन् । यसले गर्दा मानिसको सोच र प्रवृत्तिलाई बलात् परिवर्तन गर्न खोजेको देखिन्छ । व्यवस्थित र परिपक्व परिवर्तन हुन सकिरहेको छैन । अवसरहरूमा पक्कै पनि लैङ्गिक विभेद कायमै छ । समान क्षमता समान अवसर समान पहुँचको अवस्थामा नेपाली समाज पुगिसकेकै छैन । प्रयासहरू भइरहेका छन् । राज्यले यसका लागि विशेष आरक्षणको व्यवस्था गरेको छ । यस्तो व्यवस्था कहिलेसम्म गर्न उपयुक्त हुन्छ भन्नेमा चर्चा परिचर्चा हुन सकेको छैन । समावेशी हुने क्रममा महिलाका लागि व्यवस्था गरिएको आरक्षणलाई जबसम्म उपयोग गरिरहेका हुन्छौं, तबसम्म लैङ्गिक विभेदको चक्रमा घुमिरहेका हुन्छौं । यसले कुनै न कुनै प्रकारको लैङ्गिक हिंसालाई मलजल गरिरहेको हुन्छ ।**

# स्वास्थ्य सेवामा गोपनियताको महत्व

❖आमोद प्याकुरेल

वैयक्तिक घेराको अवधारणा पाश्चात्य संस्कृतिमा भन्दा हाम्रोतिर अलि फरकै छ । यद्यपि, नेपालमा पनि सांस्कृतिक र पारिवारिक परिवेशसँगै निजी परिधिको व्याख्या बदलिँदै गएको छ । अहिले नै महामारीले व्यक्तिगत दूरीको महत्वको पाठ सिकाइरहेको छ । तर अझै हामीमा व्यवहारमा दूरी कायम गर्ने वा अरुको भौतिक वा अन्य व्यक्तिगत घेरालाई सम्मान गर्ने संस्कृतिको विकास भने हुन सकेको छैन । हाम्रो समाजमा सामान्य बेलामा वा अहिलेको महामारीको बेलामा व्यक्तिगत घेरा कति र कसरी उल्लंघन हुन्छ भन्ने सार्वजनिक स्थानमा थाहा देखिन्छ । मान्छेको उमेर, तलब, वैवाहिक सम्बन्ध जस्ता सामान्य निजी जानकारी कसैलाई पनि सहजै सोध्नु हाम्रो समाजमा सामान्य हुन्छ ।

हाम्रो सामाजिक बनोटले पो अरुको भौतिक घेराको सम्मान गर्नमात्र होइन एकअर्काको व्यक्तिगत मामिलामा पनि चासोको सीमा तोक्न नसकेको हो कि ? हामी केही वर्ष अगाडिसम्म संयुक्त परिवारमा रहन्थ्यौँ । अनि भौतिक र पारिवारिक संरचनाका कारणले व्यक्तिगत घेराको सवाल नै उठ्दैन थियो । आवश्यक सहकार्यको क्रममा परिधि अतिक्रमण हुनु बाध्यता थियो भने त्यसमा मद्दत र आत्मियताको भावना गाँसिएको पनि हुन्थ्यो । तर विकास र आधुनिकीकरणसँगै समाजको बनोट र परिधि भिन्न भएको छ । भूमण्डलीकरणले त अब सामाजिक मूल्य मान्यता र समाजलाई परिचालन गर्ने औपचारिक तथा अनौपचारिक नीति नियम पनि एकअर्काबाट अतिक्रमित भइसकेको छ । स्वास्थ सेवा वैयक्तिक घेरा र गोपनियताको बढी नै महत्व भएको क्षेत्र हो । स्वास्थ क्षेत्रमा गोपनियता, विश्वास र व्यक्तिगत सुरक्षालाई स्थानीय मूल्यमान्यताका साथै चिकित्सा अभ्यासमा अवलम्बन भइआएको विश्वव्यापी नैतिकता र आचरणको नियमले पनि बाँधेको हुन्छ । आधुनिक चिकित्सा क्षेत्रको सबै विधामा गोपनियताको भूमिका त मुख्य नै हो भने साथै स्वास्थ्य क्षेत्रमा हुने अनुसन्धान, तथ्यांक व्यवस्थापन, जानकारी संप्रेषणजस्ता कार्यमा पनि गोपनियताको भूमिका महत्वपूर्ण हुन्छ । सामाजिक मान्यता, प्रविधि, कानुन र ' जैविक नैतिकता' (बायोएथिक्स)को जटिलतामा पनि जेलिएको छ । साथै समाजमा व्यापारिक र स्वास्थ सेवा नियामक निकायलाई कुन हदसम्म व्यक्तिगत जानकारी उपलब्ध गराउने विषयमा पनि नैतिकतालाई केन्द्रमा राखेर बहस चलिरहेको छ ।

**गोपनियतामा अडेको सेवा : चिकित्सा**

स्वास्थ्यमा गोपनियतालाई बिरामीको उपचारक्रमको गोप्यता मात्र नभई त्यसक्रममा हूने व्यक्तिगत जानकारीको विश्वसनियताका साथै अन्य व्यक्तिगत विवरणको सुरक्षाको दृष्टिकोणले पनि हेर्नुपर्छ । सरसर्ती हेर्दा स्वास्थ सेवा भनेको बिरामी र डाक्टरबीचको सम्पर्कमात्र जस्तो लागे पनि उपचार क्रममा धेरै दृश्य अदृश्य व्यक्ति र इकाइको संलग्नता हुन्छ । आधुनिकीकरण हुँदैगएको उपचार पद्धतिमा आवश्यक सबै सेवा एकै छानामुनि उपलब्ध हुनेहुँदा डाक्टरहरूले उपचार क्रममा अन्य विशेषज्ञहरूसँग सहकार्य गर्नुका साथै रोग निदानका लागि प्याथोलोजी र रेडिओलजी परीक्षण सामान्य आवश्यकता भइसक्यो । यसरी एकभन्दा बढी व्यक्तिहरूका बीचमा जानकारी सञ्चार हुने क्रममा बिरामीको नितांत व्यक्तिगत सूचना पूर्णतवरले सुरक्षित गर्नुपर्छ । त्यस्तै बिरामीको रेकर्ड नेटवर्कमा वा अन्य भौतिक तरिकाले राखिए पनि अनधिकृत व्यक्तिको पहुँचबाट सुरक्षित राख्नु आवश्यक हुन्छ ।

बिरामीले उपचारका क्रममा आफ्नो नितान्त व्यक्तिगत अवस्था पराइ सामु खुलस्त बताउनु भनेको उसले चिकित्सक र अन्य सम्बन्धित व्यक्तिहरूमाथि विश्वास गर्नु हो । यस्तो विश्वास सजिलै रातारात पलाएको होइन । यो स्वास्थकर्मीहरूबाट वर्षौंदेखि नागरिकलाई आधुनिक स्वास्थोपचार अपनाउन सचेत गराउने क्रममा सामाजिक, सांस्कृतिक र व्यक्तिगत मूल्यमान्यतासँग सम्झौता गराउँदै भएको निरन्तर प्रयासपछि पलाएको विश्वास हो ।

नेपालमा आधुनिक स्वास्थ सेवाको इतिहास धेरै लामो छैन । स्वास्थ्य चेतनाको कमीले कतिपय ठाउँमा अझै धामी, झाँक्री, फुकफाकलगायत परम्परागत स्वास्थ सेवामै बढी विश्वास गरिन्छ । कतिपय त सुविधा र सुलभता हेरेर आधुनिक र परम्परागत खुवै चिकित्सा विधिमा भर पर्ने गर्छन् । तसर्थ, यस्तो संवेदनशील अवस्थामा त झन् स्वास्थ्य पद्धतिको कुनै अंशमा पनि विश्वास गुम्ने स्थिति सिर्जना हुन दिनु हुँदैन ।

हाम्रो समाजमा भने स्वास्थ सचेतहरूलाई नै पनि गोपनियता र विश्वसनियतासम्बन्धी विषयमा ज्ञानको कमीले गर्दा आफ्नो हक हनन भएको पनि ज्ञान हुँदैन । स्वास्थ्यमा कतिपय जटिलता बिरामीलाई बताउन कठिन हुन्छ । चिकित्सकहरूको आफ्नै अनुसन्धानले देखाएको छ कतिपय बिरामीले सही स्वास्थ्य स्थिति लुकाउनाले उपचारविहीन भएर अनावश्यक नकारात्मक असरले रोग जटिल बनाइ रहेको हुन्छन् भने अन्य कतिपय रोगलाई समाजले कलंकको रूपमा हर्ने गर्दा बिरामीहरूले उपचारविना दुःख भोगिरहेका छन् । मानसिक रोगलाई आज पनि नेपाललगायत विश्वको कतिपय देशमा समाजको नजरबाट लुकाइन्छ । असी र नब्बेको दशकमा एड्सलाई कलंकका रूपमा हेरिन्थ्यो । अहिले केही हदमा कोरोनाका बिरामीले पनि यस्तै लाञ्छना सहिरहेका छन् । सुरुसुरुमा कोरोनाको संक्रमण फैलन थालेका बेला विभिन्न समुदायमा संक्रमितहरू लाञ्छित भएर घरबाटै भाग्नुपर्ने स्थिति समेत भयो भने कतिपय स्वास्थकर्मीलाई समेत दुर्व्यवहार गरियो । सरकारलाई संक्रमितको हुलिया र ठेगाना खुलाउन दबाब दिइयो । फलस्वरूप कति मान्छे क्वारेन्टिनबाट परीक्षण नै नगरी भागेर आआफ्नो समुदायमा गए । फलस्वरूप, धेरै ठाउँमा संक्रमण झन् फैलियो । यसबाट पनि स्वास्थ्यमा गोपनियता र विश्वनियताको महत्वपूर्ण भूमिका पुष्टि हुन्छ ।

स्वास्थ्यको सचेतना निकै बढे पनि अझै अस्वस्थतालाई नकारात्मक दृष्टिले हेरिन्छ । सेवामा पहुँचको कठिनाइका साथै रोगव्याधिप्रति समाजको नकारात्मक धारणाका कारण दीर्घरोगीहरू चिकित्सकको निर्देशनको पालन गर्न चुक्ने यथार्थ विश्वव्यापी तथ्यांकले देखाएको छ । यस्तो अवस्थामा उनीहरूको विश्वास जितेर उपचारलाई निरन्तरता दिँदा चकित्सकको हैसियतले मात्र नभएर मनोसामाजिक परामर्शदाताको भूमिका पनि निर्वाह गर्नु जरुरी हुन्छ । तसर्थ विश्वसनीयता चिकित्साको अपरिहार्य आधार हुनुपर्ने देखिन्छ ।

विश्वसनियताको आवश्यकता

अमेरिकामा १९३० को दशकमा सुरू भएर २ दशकभन्दा बढी सरकारकै स्वास्थ निकायको अगुवाइमा अफ्रिकी मूलका अश्वेत जातिलाई लिएर भएको एउटा भिरिंगी रोगसम्बन्धी अनुसन्धान 'तस्किगी इक्स्पेरिमेंट' स्वास्थ क्षेत्रमा अनैतिकता र विश्वसनियताको हननको उदाहरण हो । यसको कारण स्वास्थ्य अनुसन्धान पद्धतिको व्यापक सुधार गरियो भने अफ्रिकी अमेरिकी समुदायको भने स्वास्थ्य सेवाप्रति शंकाको भावना बसिरह्यो । अहिले पनि कोरोनाको खोप लिने कि नलिने वा विश्वास भए नभएको सर्वेक्षणमा अफ्रिकी अमेरिकीको खोपप्रति विश्वास अरु समुदायभन्दा धेरै कम देखाएको छ । आधुनिक चिकित्साशास्त्रको पाठ्यक्रममा आधारभूत पाठमा बिरामीको गोपनियता पनि रहेको हुन्छ । तसर्थ कुनै पनि चिकित्सक गोपनियताबारे अनभिज्ञ हुनु अनैतिक हुन्छ । तर, हाम्रो स्वास्थ्य सेवा प्रक्रियामा भने नियमितरूपमा नै यो आधारभूत सिद्धान्त उल्लंघन गरिएको पाइन्छ । सेवा केन्द्रहरूले उपयुक्त संरचनात्मक मापदण्ड नअपनाउनाले बिरामीको गोपनियता भंग भइरहेको छ । काठमाडौंकै कतिपय अस्पतालमा डाक्टरले परामर्श दिइरहँदा अरु बिरामी कपडाको पर्दा पछाडि नै हुन्छन् । त्यहाँबाट भित्रको सम्पूर्ण कुरा सुन्न सकिन्छ । अनि बिरामीको गोपनियता कसरी कायम हुन्छ ? त्यस्तै प्याथोलोजी ल्याबले अरुले सुन्न सक्ने दूरीमा जाँचको किसिम, रिजल्ट त नियमित वितरण गरिरहेका हुन्छन् । औषधि पसलमा पनि गोपनियताको नीयम सधैँ उल्लंघन भइरहेको हुन्छ । कतिपय अवस्थामा सेवा केन्द्रको भौतिक संरचना अनुपयुक्त भएको कारणले अथवा व्यवस्थापनको कमजोरीले यस्तो हुन्छ भने कतिपय स्थितिमा गोपनियताको उल्लंघन सेवामा कार्यरत स्वास्थ्यकर्मीहरूबाट नै भइरहेको छ । सबै उल्लंघन बदनियतले नै नभए पनि ती अनुचित हुन् र सुधार आवश्यक छ ।

**उल्लंघनका उदारहणहरू**

केही समयअगाडि एकजना शल्यचिकित्सकले आफ्नो बिरामीसँग सेल्फी खिचेर सामाजिक संजालमा राखेका रहेछन् । यो पक्कै बिरामीकै सहमतिमा खिचिएको हो र सायद डाक्टरले सोधेरै राखे होलान् । तर, बिरामी पनि दुनियाँकै कुख्यात अपराधी परेछन् । मनोवैज्ञानिकहरू जघन्य अपराधीहरू आफ्नो कर्तुतबाट 'सेलेब्रिटी' बन्न खोज्छन् भन्छन् । तर, चिकित्सकले फोटो राख्ने इच्छा गर्नु र अपराधीले खोजेको ध्यानाकर्षणको चाहना मिल्न गए पनि चिकित्सा विज्ञानको नैतिकताको सीमा भने उल्लंघन भयो ।

अर्का एक जना चिकित्सकले आफूकहाँ आएका धामी काम गर्ने बिरामीसँग सेल्फी खिचेर ट्विटरमा व्यंग्य गर्दै 'धामीलाई उपचार गर्ने हामी' क्याप्सन लेखेर राखेछन् । ती धामीले ट्विटर हेरेर आफू नांगिएको कहिल्यै देख्दैनन् होला तर बेहोस बनाएर शल्यक्रिया गर्न बेडमा सुताएको बिरामीले पनि थाहा पाउँदैनन् होला । तर, यही संवेदनशीलतालाई ध्यान राख्दै चिकित्साशास्त्रमा कतिपय आचरणलाई नैतिकताले नियन्त्रण गर्छ । सम्बन्धित डाक्टरसँग ट्विटरमा बिरामीको व्यक्तिगत सीमा र गोपनियताको उल्लंघनबारे राखिएको जिज्ञासामा उनले बिरामीको सहमतिमै राखेको जनाउनुभयो तर व्यंग्यात्मक शैलीमा 'औँठा छाप' चाहिँ नलिएको भन्दै कटाक्ष गरे । एक समाजशास्त्रीको हैसियतले मलाई चाहिँ घोच्यो । यहाँ उल्लेख गरेको उदारहणहरूमा मात्र होइन अरु पनि यस्तै 'घटना'मा शक्तिहीनले समाजका शक्तिशालीलाई अन्जानमै सहमति दिइरहेका हुन्छन् ।

पहिलो, विश्वको सबै समाजमा चिकित्सकको पेसागत ज्ञान र सीपको सम्मानस्वरूप सधैँ उच्च स्थानमा राखिन्छ । अनि चिकित्साशास्त्रलाई समाजको शारीरिक र मानसिक स्वास्थको हित र संरक्षणको जिम्मा सुम्पिएको हुन्छ । त्यस अर्थमा उनीहरु सामाजिक नियमनका माध्यम हुन् । अनि आफ्नो 'जीवन रक्षक'को व्यक्तिगत अनुरोध चाहे धामी होस् वा प्रधानमन्त्री अहिले पनि नेपालमा नमान्न मुस्किल नै हुन्छ । डाक्टरको कुरामा मौखिक सहमति जनाउँदा बिरामीको मनमा डाक्टरले बिरामीको हितमा सम्झौता गर्दैनन् भन्ने विश्वास हुन्छ । त्यसैले डाक्टरले बिरामीको हितको स्वविवेकले रक्षा गर्नुपर्छ । दोस्रो, स्वास्थ्य सेवाजस्तो संवेदनशील क्षेत्रमा बिरामीको सहमति मौखिकभन्दा लिखित नै हुनुपर्छ र त्यो सहमतिको परिधि पनि तोकिएको हुनुपर्छ । सहमति लिएकै भए पनि आफनो सामाजिक संजालमा राखेर हस्सीको पात्र बनाउँदा डाक्टरले बिरामीको विश्वास तोडे ।

तेस्रो, 'औंठा छाप'सँग जोडेर बिरामीको आर्थिक सामाजिक स्थितिको उपहास गर्नुका साथै डाक्टरले त्यो बिरामीको सामाजिक आर्थिक अवस्था पनि खुलासा गरिदिए । यो विश्वसनियता भंगको उदाहरण हो । यो डाक्टरको हैसियतले मात्र होइन कानुनीरूपमा पनि उचित होइन । चौथो, एक जना धामी डाक्टरकहाँ उपचारको लागि आए । तर, मानव विज्ञानको अध्ययनले देखाएको छ आधुनिक र परम्परागत स्वास्थ सेवा एकसाथ चलिरहेको आफनो सामाजिक संजालमा राखेर उनलाई हस्सीको पात्र बनाई धामीझाँक्रीको पनि स्वास्थ सेवा दिलाउन महत्वपूर्ण भूमिका भएको पुष्टि गरेको छ । बरु यस्तो मौकामा धामीलाई उचित जानकारी दिएर आफ्नो समुदायलाई स्वास्थ चेतना वृद्धि गर्ने उपाय हुन्थ्यो ।

अन्त्यमा, गोपनियता र विश्वसनियता रक्षा गर्नुपर्ने प्रावधानको उल्लंघन गर्न नहुने गरी कडा कानुन बनाएमा खण्डमा अनधिकृत व्यक्तिहरूद्वारा कुनै किसिमको दबाब वा कार्यसीमा अतिक्रमण रोक्नेछ । साथै कर्मचारीहरूको सुरक्षा पनि गर्छ । बारम्बार उपचारक्रममा भएको घटनाका कारण उत्पन्न हुने स्वास्थ्यकर्मीहरूप्रति विरोध वा अभद्र व्यवहार वैयक्तिक मर्यादाको उल्लंघन नगर्ने नियम पूर्णरूपमा पालन नगर्दा नै उत्पन्न हुने गरेको हो ।

यो लेख स्वास्थ क्षेत्रमा गर्नुपर्ने धेरै नीतिगत सुधारमध्ये एउटामा ध्यानाकर्षण गर्ने जमर्को हो । दुर्भाग्यवश, यस्ता उल्लंघनका उदाहरण नेपाली स्वास्थ क्षेत्रमा जताततै छन् । तर, गोपनियता र विश्वसनियताको उल्लंघनमा चिकित्सक, अन्य स्वास्थ्यकर्मी वा सेवा केन्द्रको मात्र आलोचना गर्न पनि मिल्दैन । यसमा सरकारले उचित मापदण्ड, अनुगमन, उचित नियम कानुन निर्माण र आवश्यक कारबाहीको पहल गर्नुपर्छ । विगत दुईतीन दशकमा स्वास्थ्य क्षेत्रमा सेवाको दायरा बढाउने हतारमा बिरामीको रक्षाका लागि नियम, नीति, कानुन, निरीक्षणको व्यवस्थाले चाहिँ उचित मञ्च पाएन । सबैको ध्यान आधुनिक प्रविधि, पश्चिमी ढाँचाको सेवामा गयो तर पश्चिमी मुलुकको स्वास्थ सेवामा हुने बिरामीको हकहितको रक्षा, चिकित्सकदेखि सेवा केन्द्रको जिम्मेवारी, अनि सेवाग्रहीको भूमिका भने न सिकाइयो न अवलम्बन गरियो । कानुन र नैतिकतासम्मत स्तरीय स्वास्थ सेवाका लागि बिरामीको हितमा गर्नुपर्ने व्यवस्था भने पैसा कमाउने होडमा उपेक्षित भयो ।

# जोडी नेकपा हर्षपछिको विस्मात

❖कुलचन्द्र वाग्ले

सरकारी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को जोडाइको परिणाम परीक्षण भएको छ । नेकपा (एकीकृत मार्क्सवादी र लेनिनवादी) र अर्को नेकपा (माओवादी) फुटेर दुई तीन टुक्रापछि बाँकी पुष्पकमल दाहाल(प्रचण्ड) नेतृत्वमा 'केन्द्र' थपेर बनाइएको नेकपा (माओवादी केन्द्र)को विलयपछि नेकपा र यसको सरकार बनेको हो ।

जोडाइ उनीहरुका लागि फलदायी रह्यो । संसदीय निर्वाचनमा झन्डै दुई तिहाइ स्थान दिएर नेकपालाई बलियो सरकार बनाउने सौभाग्य मतदाताले दिए । राजनीतिक स्थिरता र विकासको नारा दिएर बनेको नेकपाले केही नयाँ र राम्रो गर्ला भन्ने नागरिकको अपेक्षा थियो । आठ, दस महिनामा सरकार परिर्वतन भइरहने कारण हुने अस्थिरताले विकास र जनआवश्यकता पूर्ति गर्न नसकेको नाराको प्रभाव मतदातामा पर्यो ।

नागरिक समाजमा पनि सरकारको अस्थिरता नै राजनीतिक अस्थिरता भन्ने बुझाइ बनेको थियो । सरकारको अस्थिरता र प्रणालीको स्थिरताबीचको भेदमा विमर्श नै हुन छाडेको थियो । सरकारको अस्थिरतालाई राजनीतिक व्यवस्थाकै कमजोरी भन्ने अर्थ दिने कोसिसले प्रजातान्त्रिक पद्धतिमाथि नै अविश्वास जगाउन खोजिएको पनि हो । दलहरुले नै यस्तो प्रभाव 'क्वाइन' गरेका थिए र नागरिक समाज पनि प्रभावित भएको थियो । यही कारण विकास अवरुद्ध भएको मानिन्थ्यो ।

राजनीतिक दलहरुको उद्देश्य तय गरिन्छन् । उद्देश्यअनुरुप नारा पनि तय हुन्छन् । खासगरी निर्वाचनताका जनमतलाई आकर्षित गर्न दलहरुले विभिन्न आकर्षक नारा, घोषणापत्र सार्वजनिक गर्छन् । तिनको इमानदारी भने समयक्रममा देखिन्छ । नेकपाको सरकार र पार्टी आफ्ना पूर्वघोषित कार्यक्रम वा नारालाई क्रियान्वित गर्न असफल भएबाट उसको क्षमतासाथै इमानको परीक्षण यतिबेला पूरा भएको छ ।

नेकपाको जोडाइमा दुई प्रमुख रसायन थिए, छन् – पहिलो राज्यको साधन, स्रोतको हिस्सेदारीमा रजाइँ गर्ने लालच । दोस्रो विदेशको प्रेरणा । जोडाइमा सिद्धान्त शून्य थियो । यिनले व्यक्त गरेको सैद्धान्तिक पूर्वप्रतिबद्धता थाती राखेर नै जोडाइ सम्भव भएको हो । सिद्धान्त च्युत भएपछि राजनीतिको नाममा हिस्सेदारी नै प्रबल हुन्छ । यही कारण नेकपा विवादको विग्रहमा छ । वाह्य प्रेरणा वा दबाबी रसायनले कति थेग्छ र नागरिकका लागि त्यस्तो जोडाइ कति फलदायी हुन्छ त्यसको पनि परिणाम आइसकेको छ ।

जुट्न पनि नसक्ने र फुट्न पनि डराउने अहिलेको नेकपा जुटेको नाटक होस् कि फुटेको यथार्थ दुवै प्रत्युत्पादक हुने प्रमाणित भएको छ । यिनको जोडाइको अनर्थ र अन्ततः देशका लागि बोझ हुने विचार यसै अनलाइन पत्रिकामा यो पंक्तिकारले सुरुतिरै व्यक्त गरेको हो । यी विचारमा आग्रह वा पूर्वाग्रह थिएनन् । राजनीतिमा विनासिद्धान्त गरिने हिस्सेदारीको जोडाइले दिने परिणामको विश्लेषण थियो । सँगै सुखद भविष्य निर्माण गरे नेकपालाई स्याबासी दिने मनसुवा पनि थियो ।

एमाले, माओवादी केन्द्रको जोडाइ अहिले नै अनर्थ वा बोझ साबित भएको छ । भारी भरकम मत प्राप्त सरकार राजनीतिक स्थिरता हो भन्ने नेपाली भाष्य अराजनीतिक पुष्टि भएको छ । प्रजातान्त्रिक राजनीति वा प्रणाली स्थिरताको लागि चाहिने मुख्य दुई सम्बल रहेछन् – राजनीतिक दल र प्रजातान्त्रिक संरचना, संगठनहरु । यहीँभित्र व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका पर्ने हुन् र कर्मचारी संयन्त्र पनि । दोस्रो, बहुलता स्वीकार गर्ने सहिष्णु नैतिक चरित्र । यी दुईको अभावमा स्थिर स्थितिको कामना व्यर्थ हुने रहेछ । नेकपाले दुवै प्रजातान्त्रिक सम्बलमाथि अवैध र अनपेक्षित हमला गरेकोले नै दुईतिहाइ सरकार पनि अस्थिर भएको हो ।

उदाहरण, हालै सम्पन्न अमेरिकी चुनाव परिणाम र राष्ट्रपति डोनाल्ड ट्रम्पको एकलकाँटे जिद्दी हो । राष्ट्रपति ट्रम्प आफैंले चुनावमा धाँधली भएको आरोप लगाए । अदालतहरुमा उजुरी दिए । कतिपय केन्द्रको पुनः मतगणना गराए तर उनको दाबी कतैबाट पुष्टि भएन । अन्ततः उनको दल रिपब्लिकनले पनि ट्रम्पको जिद्दीमा उभिनु उचित ठहराएन । पर्यवेक्षकहरुले पनि ट्रम्पको दाबालाई असत्य घोषित गरे । आखिरमा ट्रम्प गले । यस्ता संस्थागत प्रयत्न हुन्थेनन् भने विजेता जो बाइडेनलाई सत्ता बाहिरै राखेर आफैं स्थापित हुने ट्रम्पको सन्देश थियो । यहाँ नैतिकताको सम्बल भाँचिदै थियो तर बलिया संयन्त्रले जोगाए, जनमतको इज्जत बचाए ।

नेकपा र यसको सरकारले प्रजातान्त्रिक सम्बलमाथि जसरी अवैध वा अनपेक्षित हमला गरेको छ त्यसले प्रत्यक्ष निर्वाचित कार्यकारी माग्ने नेपालीहरुलाई पनि दीक्षासमेत मिलेको हुनुपर्छ । त्यसो त प्रत्यक्ष राजशाही र राणाशाही भोग गरेका नेपाली केही नेतामा प्रत्यक्ष कार्यकारीको मोह जाग्नु त्यस्तै बाटोको रोजाइ र खोजाइ हो । अहिलेका प्रधानमन्त्री केपी ओली प्रत्यक्ष निर्वाचित कार्यकारी (प्रधानमन्त्री वा राष्ट्रपति) थिए भने दाहाल र नेपालको (अधिनायकवादी ओली भन्ने) आरोप अनुसारै यिनीहरुको आफ्नै हबिगत तन्नम हुनेथियो । साथै राजनीति थप

> **नेपाली वर्तमान राजनीतिमा प्रकट छायाछवि यस्तै छन् तर परिणाम अन्तरगर्भमा । नेकपा र यसको सरकारको अकर्मण्यअसफलता नै अहिलेको परिदृश्यको मुख्य कारक हो । अनिष्टको कारक जुटेको भनिने नेकपाको रामरमिता हो । फुटे भने आउने निकट घर्षणको उत्पादन चाँडै नै राम्रो देखिनेछैन ।**

स्वेच्छाचारी हुने त कार्यशैलीले बताएकै छ ।

संसदीय व्यवस्थामा दलहरुको विभाजन अपेक्षित होइन तर केही सन्दर्भ यस्ता हुन्छन् जसले विभाजनलाई सही र अकाट्य पुष्टि गर्छन् । नेकपा यही विन्दुमा छ । विभाजन हुन्छ भन्ठानेर जनताले यति ठूलो मत नेकपालाई दिएका होइनन् । अविभाज्य एकता शक्ति मानेर दिएका थिए तर यिनले थेग्न सकेनन् । किनभने, यो एकता थिएन वा होइन बरु स्वार्थको गठबन्धन र जोडाइ हो । यो जुटाइ र फुटाइ सँगसँगै घुलित अन्तरङ्ग बेमेल रसायन छुट्टिनु नै श्रेयश्कर हुन्छ । छुट्टिने दुई शक्तिबीच नैतिक र श्रेष्ठ बन्ने स्पर्धाले असल सम्भावना उद्घाटित गर्नसक्छ र जनताले रोज्न विकल्पसमेत पाउनेछन् ।

सिद्धान्तहीन गठजोडमा बाँधिएका सरकारी नेताहरुबीच पहुँचमा हिसाबकिताब नमिल्दा उत्पन्न ताउरमाउरले देश र जनताको सर्वाङ्ग नोक्सान गर्दैछ र गर्नेछ । यस्तो अत्यास लाग्दो अवस्था ल्याउने नेकपाको एकता (?) को अपेक्षा केका खातिर गर्ने ? यस्तोभन्दा त बरु अलगअलग बाटो नै सफा होला, बनाउन पनि सक्लान् । भागबन्डाको झगडालाई अहिले आएर सिद्धान्तको जलप दिने प्रयत्न जोडाइ अघि गरेको भए एकता मानिन्थ्यो । लाज छोप्ने त्यो टालो उहिल्यै फुस्किएको हो ।

नेकपा सरकारको अकर्मण्यता र ' कथित' गणतन्त्र पक्षधर दलहरुको असफलताकै परिणाम यतिबेला 'राजा आऊ देश बचाऊ नारा' सहर बजारमा घन्किन प्रोत्साहित भएको छ । गाउँघरमा पनि यसको रन्को पुगेको साथीहरु सुनाउँछन् । आफैंलाई बचाउन नसकेका राजाले देशलाई बचाउन सक्ने हुन् वा होइनन् नारा लगाउनेलाई के थाहा ? तर राजावादीहरु (राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत) उत्साहित भएका छन् ।

नेकपाको झगडा राजावादीका लागि परोक्ष मलजल हो कि नेपाली कांग्रेसको अकर्मण्यता बीउबिजन ? सीमान्त जनता सुविधासम्पन्न, सुरक्षा र स्वतन्त्रताभन्दा अन्य आग्रहसँग प्रायः निरपेक्ष नै हुन्छन् । राजनीतिक (दल)ले जनताको यही भावलाई नाफामा बदल्ने हो । यहाँनिर राष्ट्रपति महोदयाले पनि आफ्नो भूमिकाको समीक्षा गर्नुपर्ने सन्देश छ । गणतन्त्रको महत्वपूर्ण 'सिम्बोल' राष्ट्रपति हो । जुनसुकै पार्टीबाट आए पनि राष्ट्रपति साझा धरोहर बन्नुपर्ने हुन्छ । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रत्यक्ष दलीय भूमिका निर्वाह गर्दा गणतन्त्रप्रति अविश्वास प्रकट गर्ने वा राजतन्त्रप्रति मोह जगाउने हिम्मतले सडकमा मार्ग पाएको हो ।

अर्को एउटा संयोग छ । हालै नेपाल भ्रमणमा आएका भारतीय विदेश सचिव हर्षबर्द्धन शृंगलाको मन्तव्यको सन्देश । उनले एक प्रवचनमा भने -'पृथ्वीनाराण शाहले एकीकृत गरेको नेपालको भ्रमणमा आउन पाउँदा म हर्षित छु ।' शब्द उनका तर तात्पर्य यही हो । यस्तो भनाइको कुनै राजनीतिक गुढार्थ सन्देश पनि छ कि ? राजावादीको जुलुसको अर्को नारा २०४७ सालको संविधान बिउँताउने सुनिन्छ । यसको सन्देश नेपालको चुच्चे नक्सा बोकेको वर्तमान संविधानमाथि थप भारी थपिएकै बुझ्न सकिन्छ । यसैबीच दक्षिण, उत्तर छिमेकको 'देखा अनदेखा' स्पर्धामा यहाँको उँट कुन कोल्टो बस्छ कुन्नि ?

नेपाली वर्तमान राजनीतिमा प्रकट छायाछवि यस्तै छन् तर परिणाम अन्तरगर्भमा । नेकपा र यसको सरकारको अकर्मण्य असफलता नै अहिलेको परिदृश्यको मुख्य कारक हो । अनिष्टको कारक जुटेको भनिने नेकपाको रामरमिता हो । फुटे भने आउने निकट घर्षणको उत्पादन चाँडै नै राम्रो देखिनेछैन । रमिताभन्दा फुटेपछि क्रमशः बस्ने स्वच्छस्पर्धाको अपेक्षाले नयाँ सम्भावना खुल्छ कि भन्ने चाहिँ हो । नेकपा अहिले फुटभित्रको जोडाइमा रहनु वा पृथक दुई दल बन्नुमा तत्काललाई प्रत्युत्पादक रगडाइ हुने अनुमान गर्न सकिन्छ । भविष्य वर्तमानकै भोगाइ बनेर आउने नै छ ।

# श्रमिकलाई पुसबाटै कोरिया पठाउने तयारी

*झापा (प्रस)* । विगत ८ महिनादेखि रोकिएको कोरियाको रोजगारी पुसको अन्त्यबाट खोल्ने तयारी भएको छ । कोभिड-१९ संकटका कारण दुवै मुलुकमा समस्या आएपछि कोरिया प्रवेश गर्ने कार्य पूर्णरूपमा रोकिएको थियो । जसका कारण ६ हजार ५ नेपाली भाषा परीक्षा उत्तीर्ण भई रोष्टरमा रहे पनि कोरिया जान पाएका छैनन् । कोभिड संक्रमणका कारण समयमै कोरिया प्रवेश गर्न नपाएपछि रोजगारदाताले धमाधम नेपाली श्रमिकसँग गरेको श्रम सम्झौता रद्द गर्न थालेका छन् ।

हाल दैनिक औसत पाँच सय नेपालीको श्रम सम्झौता रद्द हुने गरेको छ । वैदेशिक रोजगार विभाग ईपिएस शाखाका निर्देशक इन्द्र गौतमले कोरियाले मौखिक रूपमा कम्बोडियाबाट श्रमिक लैजाने प्रक्रिया सुरु गरेको बताउँदै नेपालबाट पनि लैजानेबारे गृहकार्य भइरहेको कोरियाली पक्षले जानकारी दिएको बताए । "कोरियाले कम्बोडियाबाट श्रमिक लैजान सुरु गरेका कारण नेपालबाट पनि कसरी सुरक्षित तरिकाले पठाउने छलफल भइरहेको छ" निर्देशक गौतमले भने ।

केही दिनअघि नेपाल सरकार र कोरियाको मानव संशाधन बोर्डका प्रतिनिधिको बैठकमा अवस्था हेरेर पुसबाट श्रमिक पठाउन सकिने सम्बन्धमा अनौपचारिक छलफल भएको थियो । लकडाउन सुरु भएयता लामो समय उडान नभएपछि रोकिएकामध्ये केहीको श्रम सम्झौता रद्द भएको ईपिएस शाखाले जनाएको छ । शाखाका अनुसार हालसम्म रोजगारदातासँग श्रम सम्झौता गरेको ५ हजार नयाँ र १ हजार ५ कमिटेड वर्कर कोरिया जान पाएका छैनन् । कमिटेड वर्कर भनेको कोरियाको रोजगारदातासँग ५ वर्ष नियमित काम गरेका कारण पुनः प्रवेशको लागि भिसा पाएका श्रमिक हुन् ।

नेपालमा कोरोना संक्रमणको दर बढ्दै गएको जनाउँदै कोरियाको मानव संशाधन बोर्ड (एचरआडी)ले परिस्थिति सहज नभएकाले पुससम्म पर्खिरहेको जनाएको छ । कोरोना संकट सुरु भएयता ५ युवाले कोरीयाका रोजगारदातासँग श्रम सम्झौता गरेको भए पनि कुनै श्रमिक पनि कोरिया प्रवेश गर्न पाएका छैनन् । श्रम सम्झौता गरेर भिसा प्राप्त गरेका १ हजार ५ सय जनासमेत कोरिया जान पाएका छैनन् । भिसा लागेका अधिकांश युवाको भिसा म्याद भने सकिन लागेको छ ।

भिसा लागेका श्रमिकलाई कोरियाले लैजान चाहेको भए पनि दुवै देश 'पर्ख र हेर'को स्थितिमा छन् । कोरिया जाने उडान नियमित भए पनि ईपिएसका श्रमिक पठाउने र बोलाउने अवस्थामा दुवै देश नरहेको देखिन्छ । रोजगारदाताले श्रम सम्झौता रद्द नगरेको अवस्थासम्म म्याद समाप्त भएको युवाको भिसा अवधि थप गर्ने एचआरडीले आश्वासन दिएको छ । नेपाली युवा कोरिया प्रवेश गर्ने अवस्था नभए पनि त्यहाँको सरकारले असोज १२ देखि २६ गतेसम्म कृषि क्षेत्रका श्रमिकको माग भने गरेको थियो । हाल कतिपय नेपालीले रोजगारदातासँग श्रम सम्झौता पनि गरिरहेका छन् । यसरी माग प्रक्रिया अघि बढाएपछि नेपालबाट कोरिया जाने युवाको संख्या अझ बढ्ने देखिएको छ ।

नेपालबाट वार्षिक औषत ८ हजारको हाराहारीमा नेपाली युवा कोरिया जाने भए पनि यो वर्षको ९ महिनामा १ हजार २७ नेपाली मात्र रोजगारीका लागि कोरिया गएको शाखाले जनाएको छ । सन् २०१९ मा ७ हजार १ सय ३६ नेपाली रोजगारीका लागि कोरिया गएका थिए । हालसम्म ४ हजार २० महिला र ६२ हजार ८५२ पुरुष सहित ६६ हजार ८७२ नेपाली रोजगारीका लागि कोरिया गइसकेका छन् । हाल कोरियामा लगभग ३१ हजार नेपाली कार्यरत रहेका छन् ।

# शर्माले दैनिक सय रुपैयाँ सामाजिक काममा खर्चिने

*दमक (प्रस)* । दमकका व्यवसायी विमल शर्माले दैनिक एक सय रुपैयाँ सामाजिक कार्यमा खर्चिने भएका छन् । सामाजिक कार्यमा प्रोत्साहित गर्न उनले व्यवसायबाट प्राप्त हुने आम्दानीवाट दैनिक सय रुपैयाँ सामाजिक कामका लागि प्रदान गर्ने घोषणा गरेका हुन् । उनले देशव्यापी सञ्जाल रहेको संस्था पहिलो पाइला नेपाल दमक शाखामार्फत एक बर्षसम्म उक्त सहयोग दिने प्रतिवद्धता जनाएका हुन् । उनी सो संस्थाका सल्लाहकार ,संगम स्वीटसका सञ्चालक तथा रेडक्रस दमक उपशाखाका सदस्य तथा विभिन्न सामाजिक क्षेत्रमा आवद्ध छन् । संस्थाका अध्यक्ष दिपक खड्काको अध्यक्षतामा शुक्रबार बसेको मासिक बैठकमा सोसम्बन्धी जानकारी गराउनुका साथै संस्थाका तर्फबाट धन्यवाद प्रस्ताव पारित गरिएको संस्थाले जनाएको छ ।

शर्माले प्रदान गर्ने सो रकम वा रकम बराबरको सहयोग संस्थामार्फत आर्थिक रुपमा विपन्न तथा असहायहरुलाई प्रदान गरिने अध्यक्ष खड्काले बताए । बैठकले संस्थाले यसअघि सञ्चालन गर्दै आएको आठ हप्ते सरसफाई कार्यक्रमलाई निरन्तरता दिने, आर्थिक अवस्था कमजोर भएका एक परिवारलाई सहयोग प्रदान गर्ने लगायत विविध निर्णयहरु गरेको संस्थाका सहसचिव राजु निरौलाले बताए ।

## मेचीनगरमा ...

होम आइसोलेसनमा उपचाररत छन् । जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार सक्रिय संक्रमित भएकामध्ये विभिन्न आइसोलेसनमा उपचाररतको संख्या १ हजार १७८ रहेको छ । त्यस्तै, सक्रिय संक्रमित भएका तर होम आइसोलेसनमा १ हजार १६७ जना उपचाररत छन् ।यसैबीच, शुक्रबार झापाका २६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टाभित्र झापाका ९ महिला र १७ जना पुरुषमा संक्रमण पुष्टि भएको हो । योसँगै झापामा कोरोना संक्रमितको संख्या ४ हजार ३६ पुगेको छ । कोरोना जितेर घर फर्किनेको संख्या २ हजार ७४३ रहेको छ । शुक्रबार पुष्टि भएकाहरुमा दमकका २ महिला र ३ पुरुष, बिर्तामोडका ४ महिला, शिवसताक्षी र झापा गाउँपालिकाका १-१ महिला र ३-३ जना पुरुष, मेचीनगर र बुद्धशान्ति गाउँपालिकाका ३-३ जना पुरुष छन् । स्वास्थ्य कार्यालय झापाका अनुसार भद्रपुरका १ महिला र १ पुरुष तथा पालिका नखुलेका एक जना पुरुषमा पनि संक्रमण पुष्टि भएको छ ।

# अज्ञात रोगले गोलभेडा नष्ट

*झापा (प्रस)* । 'आफू ताक्छु मुडो बन्चरो ताक्छ घुँडो' भन्ने उक्ति यतिबेला मोरङको लेटाङका किसानका लागि सही सावित भएको छ । कृषि पेशालाई व्यावसायिक रुपमा आत्मसात गरेका त्यहाँका किसानले पछिल्लो समय गोलभेडा खेती गर्दै आएका छन् । गोलभेडा खेतीबाट जीविकोपार्जनसँगै छोराछोरीलाई निजी विद्यालय र कलेज पढाउँदै आएका छन् । तर, उनीहरूका लागि यस वर्ष माथि उल्लेखित उखान ठ्याक्कै लागू भएको छ ।

कोरोना कारण कतिपयको रोजगारी गुमेपछि गोलभेडा खेतीलाई थप विस्तार गरेका थिए । विगतमा राम्रो आम्दानी गर्दै आएका किसान यस वर्ष भने निराश देखिएका छन् । गोलभेडा खेतीमा रोग लागेर बारी नै सखाप भएपछि उनीहरू निराश मात्रै होइन अब कसरी जीविकोपार्जन गर्ने भन्ने चिन्तामा परेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक कार्यक्रमअन्तर्गत गोलभेडा खेती गरेका अधिकांश किसानको गोलभेडा बालीमा रोग लागेपछि लगानीसमेत डुब्ने अवस्थामा पुगेको स्थानीय किसान माधव अधिकारी बताउँछन् । लेटाङ-८ र ९ जाँतेका प्राय सबै किसानका बारीमा यतिबेला गोलभेडा खेती लगाइएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कृषि ज्ञान केन्द्र विराटनगरमार्फत यस क्षेत्रमा गोलभेडाको ब्लक कार्यक्रम सञ्चालन भएपछि कृषकहरूले १ सय ५० बिगाहमा गोलभेडा खेती गरेका छन् ।

स्थानीय उत्तरी मोरङ कृषि महिला सहकारी संस्थामार्फत संगठित भएका कृषकहरूले ब्लक कार्यक्रममार्फत ५० प्रतिशत अनुदान पाएका छन् । ब्लक कार्यक्रममार्फत उपलब्ध गराइएको सिर्जना जातको गोलभेडा सबै किसानले लगाएका छन् । तर अधिकांश किसानको बारीमा लगाएको गोलभेडा रोगका कारण फस्टाउन सकेको छैन । कसैको त बारी नै पूरै सखाप भएको छ । "फल्न नपाउँदै गोलभेडाको सबै बोट मरेको छ" अधिकारीले भने, "औषधि लगाउँदा पनि काम लागेन । अब साँच्चै अप्ठ्यारो अवस्था आउने भो ।"

त्यो क्षेत्रमा उत्पादित गोलभेडाले बजार पनि राम्रो पाउने गरेको थियो । व्यापारीहरू बारीमै पुगेर गोलभेडा उठाउने गरेका थिए । यहाँको गोलभेडा प्रदेश १ का मुख्य बजार विराटनगर, इटहरी, धरान, दमक, बिर्तामोडलगायतका स्थानसम्म पुग्ने गरेको थियो । "आफ्ना लागि त पहिलै गाँसमा ढुंगा लागेभैं भयो" धान खेती मासेर गोलभेडातर्फ लागेका स्थानीय किसान दुर्गाप्रसाद सुवेदी भन्छन्, "यसको क्षतिपूर्ति सरकारले दिए केही राहत हुने थियो ।"

गतवर्ष गोलभेडा खेतीबाट निकै राम्रो आम्दानी लिन सफल किसानले यस वर्ष पनि सोहीअनुसारको आम्दानी हुने आशा गरेका थिए । तर थाहा नपाएको रोगका कारण लगानी उठाउनसमेत समस्या



भएको कृषकहरूको गुनासो छ । "अघिल्लो दिन जस्ताको त्यस्तै देखिने गोलभेडाको बोट भोलिपल्ट सुकिसकेको हुन्छ " सुवेदीले भने ।

लेटाङमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत कृषि ज्ञान केन्द्र विराटनगरमार्फत उत्तरी मोरङ कृषि महिला सहकारी संस्थाको समन्वयमा गोलभेडाको ब्लक कार्यक्रम सञ्चालित छ । जसमा ४० लाख बजेट खर्च हुनेमा कृषकले ५० प्रतिशत अनुदान पाएका छन् । तर सरकारले यसरी ठूलो रकम खर्च गरिरहँदा र कृषक स्वयम्ले पनि लगानी र मेहनत गर्दासमेत रोगका कारण सोचेअनुसारको प्रतिफल नआउने देखिएको छ ।

रोगले बारी नै सखाप भएपछि ब्लक कार्यक्रम नै विफल हुने सम्भावना देखिएको छ । यस विषयमा जानकारी दिँदासमेत कृषि ज्ञान केन्द्रले बेवास्ता गरेको कृषकहरूको गुनासो छ । कोरोनाका कारण रोजगारी गुमेपछि विदेशबाट फर्किएका अर्जुन मगरले ४ बिगाह क्षेत्रफलमा गोलभेडा लगाएका छन् । जमिन उनको होइन । उनले लिजमा जग्गा लिएका हुन् । मगरको पनि स्वदेशमै केही गर्ने सपना चकनाचुर भएको छ । 'कोरोनाले विदेशमा खाइरहेको जागिर खाइदियो" उनी पीडा पोख्छन्, "यता गोलभेडा रोगले खाइदियो ।"

लेटाङ नगरपालिकाका कृषि शाखा प्रमुख करण श्रेष्ठ आफूले अनुगमन गरेर रोगको जाँच गरिरहेको र उपचार पनि सुरु गरेको बताउँछन् । "यस्तो समस्या कहिल्यै पनि देखिएको थिएन" श्रेष्ठले भने, "प्राविधिकसहितको टोलीले अनुगमन र अध्ययन गरिरहेको छ ।"

# कर्णाली साकोसले दियो सिदा खर्च



दमक, मंसिर १९ । झापाको बिर्तामोडमा केन्द्रिय कार्यालय रहेको कर्णाली बचत तथा ऋण सहकारी संस्थाले आफ्ना शेयर सदस्यका परिवारमा मृत्यु भएमा दिने सिदा खर्च बापत आज लखनपुरका एक परिवारलाई २५ हजार रुपैयाँ सहयोग उपलब्ध गराएको छ ।

सहकारीका लखनपुर सेवाकेन्द्र संयोजक गौरीमान फागोका बुबा हर्कप्रसाद फागोको निधन भएको चौथो दिनमा फागोको घरमै पुगेर सहकारीले २५ हजार रुपैयाँ उपलब्ध गराएको कर्णाली सहकारी लखनपुर सेवा केन्द्रका व्यवस्थापक बिजु आचार्यले बताए । सहकारीका सदस्यको परिवारमा मृत्यु भएमा सिदा खर्च वापत दिईने रकम सहकारीको टोलीले फागोको घरमै पुगेर उपलब्ध गराएको उनले जानकारी दिए । कर्णाली सहकारीका अध्यक्ष टसबहादुर श्रेष्ठ, उपाध्यक्ष ईश्वरीप्रसाद खरेल, सचिव भुपाल बस्नेत, कोषाध्यक्ष एकराज विष्टसहित सञ्चालक र कर्मचारीहरुको टोलीले फागोको घरमै पुगेर समवेदना पत्रसहित सिदा रकम हस्तान्तरण गरेको सेवा केन्द्र व्यवस्थापक आचार्यले बताए ।


बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, झापा
प्रदेश नं १ नेपाल ।

बिर्तामोड नगरपालिकाको अनुरोध

**आदरणीय सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरु...**

अहिले हाम्रो जनजीवनमा कोरोना महामारीले नराम्रो असर पार्ने गरी समस्या बढिरहेको यहाँहरुलाई बिदितै छ । यस बिषम परिस्थितिमा पनि नगरपलिकाको जनशक्ति नगरबासीको स्वास्थ्य लगायत अन्य आवश्यकता पूरा गर्न अहोरात्र खटिइरहेको छ । कोभिड १९ को प्रकोपको न्यूनिकरणका लागि नगरका स्वास्थ्यकर्मी दिनरात नभनी लागिरहेका छन् । जसका कारण बिर्तामोड अरु पीलकाको तुलनामा केही सुरक्षित र कम जोखिममा रहेको छ । नगरले कोरोना प्रभाबितहरुका लागि क्वारेन्टाइन, आइसोलेसन र होम आइसोलेसनका प्रवन्ध गरेको छ ।

यतिबेला मुलुकका मुख्य सहरहरु र ग्रामीण बस्तीहरु पनि यसको प्रकोपबाट सुरक्षित छैनन् । यो प्रकोपबाट मुक्त रहन केवल सरकारी पहल र प्रयत्नबाट मात्र सम्भव छैन । स्थानीय तहहरुले त जनशक्तिको परिचालन गरेर समस्या बढ्न नदिने प्रयत्न गर्ने हो, त्यो गरिरहेकै छन् । तर, जनता जागरुक भएनन् भने केही पनि गर्न सम्भव छैन ।

हामी जो केही पनि यो संक्रमणको जोखिममा छौं भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन । खासगरी बिर्तामोड एउटा ब्याबसायिक क्षेत्र भएका कारण आफ्नो पसल, ब्यबसाय र उद्योग संचालन गर्दा स्वास्थ्य सचेतना अपनाएर गरेमा संक्रमण नबढ्ने र समुदायमा पुगेको रोगलाई नियन्त्रण गर्न सहज हुनेछ । अझ समुदायस्तरमा पुगेको संक्रमणलाई रोकथाम गर्न समुदाय नै बढी चनाखो हुन जरुरी हुन्छ ।

**तसर्थ,**

-अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं
-माक्सको अनिबार्य प्रयोग गरौं, हात सफा राखौं
-टोल, समाज सफा राखौं, जथाभाबी फोहर मैला नगरौं
-नजिकिरहेको चाडबाडमा अनावश्यक भिडभाड नगरौं
-आफ्नो परिवार बाहेक अरु धेरै अनावश्यक मानिसहरुको सर संगत नगरौं
-गाउँ, टोलमा देखापरेका बिरामीहरुप्रति नराम्रो ब्यबहार नगरौं
-कहीँ कतै संक्रमणको जोखिम देखिएमा तत्कालै स्वास्थ्यकर्मीलाई सूचना दिऔं ।
-आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

**ध्रुबकुमार शिवाकोटी**
**नगरप्रमुख**
**बिर्तामोड नगरपालिका, बिर्तामोड (झापा)**



प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम
(UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation Illustration Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । व्यवसायिक क्षेत्रबाट लाभ हुनेछ ।
**वृष** : आफन्त तथा मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।
**मिथुन** : आज दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ ।
**कर्कट** : आज जस्वरोजगारीका निम्ति दौडधूप गर्नुपर्ने हुन सक्छ ।
**सिंह** : परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । सजिलै अरूको मन जित्न सकिनेछ ।
**कन्या** : मन हर्ष र प्रसन्नताका साथ समय व्यतीत हुनेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ ।
**तुला** : मठ-मन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ ।
**वृश्चिक** : आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला ।
**धनु** : आज बोलीवचन एवं प्रवचन-भाषण आदिमा प्रशंसा मिल्नेछ ।
**मकर** : आज नाता-कुटुम्बको आगमन हुने र परिवारमा नयाँ सदस्य थपिन सक्ने सम्भावना छ ।
**कुम्भ** : रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग परेको दिन छ ।
**मीन** : आजबाट लामो समायाबाट रोकिएको काम पुनः प्रारम्भ हुनेछ ।